# स्थानीय राजपत्र


**भिमाद नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड ७) भिमाद पौष १ गते, २०८० साल (संख्या ३**


**भाग २**

## भिमाद नगरपालिकाको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधिहरु सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भिमाद नगरपालिका सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची- ८ को (५,६,७,१७) बमोजिम स्थानीय तहमा रहेको क्षेत्राधिकार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद- ३ मा नगरपालिकाको काम, कर्तव्य र अधिकार क्षेत्र अन्तर्गत दफा ११ को उपदफा "थ"मा भएको व्यवस्था बमोजिम स्थानीय सरकारलाई प्राप्त जिम्मेवारी पूरा गर्न तथा आफ्नो भौगोलिक क्षेत्रभित्रको वैदेशिक रोजगारसँग सम्बन्धित तथ्यांक संकलन गर्न, वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई आवश्यक सूचना तथा परामर्श सेवा प्रवाह गर्न, सीप तालिममा पहुँच बढाउन, वैदेशिक रोजगारका कारण ठगी लगायतका समस्यामा परेका आप्रवासी कामदारहरुको न्यायमा सहज पहुँच बढाउन, वैदेशिक रोजगारका कारण उत्पन्न मनोसामाजिक समस्यामा रहेका आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन साथै रोजगारीका लागि पटक-पटक वैदेशिक रोजगारीलाई नै दोऱ्याउनु पर्ने बाध्यतालाई न्यूनिकरण गर्न, विप्रेषणको अधिकतम् सदुपयोग एवं आयमुलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी यस क्षेत्रको व्यवस्थापन गर्न र सामाजिक

पुनःएकिकरणसँग सम्बन्धित कार्यक्रम सञ्चालन  गरी स्वदेशमा नै रोजगारीका अवसरहरु सिर्जना गरी वाध्यत्मक वैदेशिक रोजगारीलाई अन्त्य गर्न वाञ्छनीय भएकोले ,

प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी भिमाद नगरपालिकाले **"सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०** "स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः (१)** यो कार्यविधिको नाम 'सुरक्षित आप्रवासन कार्याक्रम सन्चालन कार्यविधी, २०८०  रहने छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा तथा व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन"भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४लाईसम्झनुपर्छ।

(ख) "कार्यविधि"भन्नाले सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८०  लाई सम्झनु पर्दछ।

(ग) "नगरपालिका "भन्नाले  भिमाद  नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "अन्य स्थानीयतहहरु"भन्नाले तनहुँ जिल्ला अन्तर्गत रहेका  अन्य स्थानीय तहहरुलाई सम्झनु पर्दछ ।

(ङ) "शाखा"भन्नाले भिमाद  नगरपालिकाको तोकिए बमोजिमको शाखालाइलाई सम्झनु पर्दछ।

(च) "आप्रवासी स्रोत केन्द्र"भन्नाले सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना तथा परामर्श सेवाका साथै वैदेशिक रोजगार सम्बन्धी अन्य विशिष्टिकृत सेवा प्रदान गर्नका लागि अन्य पालिकाहरुसँगको सहकार्यमा  भिमाद  नगरपालिकाले जिल्ला प्रशासन कार्यालय हाताभित्र सञ्चालन गरेको आप्रवासी श्रोत केन्द्रलाई सम्झनु पर्नेछ ।

(छ) "विषय विज्ञ"भन्नाले वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, सीप तालिम लगायतको क्षेत्रमा विज्ञता प्राप्त व्यक्ति तथा संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ज) "मोड्युल"भन्नाले वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, सीप तालिम, उद्यम विकास लगायतको सेवाहरु प्रवाह गर्नको लागि सम्बन्धित स्थानीय तहले तयार गरी लागू गरेको मोड्युलहरुलाई सम्झनु पर्दछ ।

(झ) "बोर्ड"भन्नाले वैदेशिक रोजगार बोर्डलाई सम्झनुपर्दछ ।

(ञ)"विभाग"भन्नाले वैदेशिक रोजगार बिभागलाई सम्झनु पर्दछ ।

(ट)."सम्बन्धित निकाय"भन्नाले वैदेशिक रोजगार सम्बन्धी विशेष सेवा प्रवाहगर्ने निकायहरु वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, कन्सुलर सेवा विभाग, गन्तब्य मुलुकहरुमा रहेका नेपाली दुतावास र श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय, साथै यस क्षेत्रसँग सम्बन्धित अन्य सरकारी निकायहरुलाई सम्झनु पर्दछ ।

(ठ)"सेवा प्रदायक/विशेषज्ञ"भन्नाले भिमाद नगरपालिका द्वारा सार्वजानिक खरिद प्रक्रिया मार्फत परामर्श सेवा खरिद गरी सीप तालिम, कानूनी सेवा, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श वा उद्यम विकासको क्षेत्रमा सेवा प्रवाहका लागि परिचालन गरेको व्यक्ति/संस्थालाई सम्झनु पर्दछ ।

(ठ)"आप्रवासी हकहित संरक्षण केन्द्र/सञ्जाल/मन्च"भन्नाले वैदेशिक रोजगारबाट फर्किएर आएका आप्रवासी कामदार तथा तिनका परिवारहरुको हकहित संरक्षणका लागि जिल्ला प्रशासन कार्यालय वा नगरपालिकामा विधिवत रुपमा दर्ता भई क्रियाशील रहेको संस्थालाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## कार्यविधिको उद्देश्य तथा रणनीति

**३. कार्यविधिको उद्धेश्यः** यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम हुनेछन्।

(क) वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र अधिक लाभदायक बनाउनका लागि सहयोग पुऱ्याउने,

(ख)वैदेशिक रोजगारमा संलग्न व्यक्तिका परिवार र वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुहरुलाई लक्षित कार्यक्रमहरु तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न ।

(ग) बजेटको व्यवस्था गरी वैदेशिक रोजगारसँग सम्बन्धित कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्दै सुरक्षित आप्रवासनको क्षेत्रमा सुशासन प्रवर्द्धनका लागि पारदर्शी र जवाफदेही ढंगबाट कार्यक्रम सञ्चालन गर्नु ।

(घ) सुरक्षित वैदेशिक रोजगारसँग सम्बन्धित गतिविधिहरु (वैदेशिक रोजगारमा जाने, गएका व्यक्ति तथा तिनका परिवार र विदेशबाट फर्केर आएका व्यक्तिहरुलाई लक्षित गरी) लाई लक्षित गरी एकिकृत रुपमा योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(ङ) सुरक्षित वैदेशिक रोजगारीका लागि नगरपालिका स्वंयमले वा अन्य स्थानीय तहहरु, प्रदेश सरकार, संघीय सरकार तथा सम्बन्धित साझेदार संस्था/नियोगहरुसँको साझेदारीमा बजेट व्यवस्थापन र योजना तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्ने ।

(च) वैदेशिक रोजगारमा जाने, गएका व्यक्ति, तिनका परिवार तथा विदेशबाट फर्केर आएका व्यक्तिहरुलाई लक्षित गरी नगरपालिकाले अन्य पालिकाहरुसँगको समन्वयमा जिल्ला प्रशासन कार्यालय हाता भित्र आप्रवासी श्रोत केन्द्र स्थापना तथा सञ्चालन गरी आवश्यक सूचना तथा परामर्श लगायतका सेवाहरु प्रवाह गर्ने

(छ) जिल्ला स्थित अन्य स्थानीय तह, श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार वोर्ड, सीप तालिम प्रदान गर्ने निकायहरु, मनोसामाजिक परामर्श सेवा तथा वित्तीय साक्षरताको क्षेत्रमा विज्ञता भएका संस्थाहरुसँग समन्वय तथा सहकार्यलाई बढावा दिई कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न ।

(ज) वैदेशिक रोजगारसँग सम्बन्धित सञ्चालन भएका कार्यक्रम तथा गतिविधीहरुका प्रभावकारी कार्यान्वयन तथा अनुगमन गरी यस क्षेत्रको दीगो रुपमा व्यवस्थापन गर्ने ।

(झ) सुरक्षित आप्रवासन कार्यक्रमलाई आन्तरिकीकरण गर्न ।

<u>४. रणनीतिः यस कार्यविधिका रणनीतिहरु देहाय अनुसार हुनेछन्</u>

क) वैदेशिक रोजगारमा जाने, गएका व्यक्ति, तिनका परिवार र फर्किएर आएका व्यक्तिहरुसँग सम्बन्धित सवालहरुलाई प्राथमिकता दिई योजनामा समावेश गरिने छ ।

ख) यस क्षेत्रको प्रभावकारी व्यवस्थापन, न्यून लागत, श्रोत साधनको अधिकतम् उपयोग र प्रभावकारी सेवा प्रवाहको लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा २६ को मर्म अनुसार आप्रवासी श्रोत केन्द्र सञ्चालन, जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास,अनुगमन जस्ता कार्यहरुमा अन्य स्थानीय तहहरुसँग पनि सहकार्य गर्न सकिने छ । त्यसको साथै प्रदेश सरकार,

संघीय सरकार अन्तरगतका सम्बन्धित मन्त्रालय, विभाग, वोर्ड तथा सम्बन्धित साझेदार संस्था/नियोगहरुसँग पनि समन्वय तथा सहकार्यमा जोड दिईने छ ।

ग) जिल्ला प्रशासन कार्यालयसँगको समन्वय तथा सहकार्यमा जिल्ला प्रशासन कार्यालय परिषर भित्र सुरक्षित वैदेशिक रोजगारका लागि आप्रवासी श्रोत केन्द्रको स्थापना तथा सञ्चालन गरिने छ ।

घ) जिल्ला प्रशासन कार्यालयको हाता भित्र सञ्चालन मा रहने आप्रवासी श्रोत केन्द्रमा अन्य स्थानीय तहका सेवाग्राहीहरुले पनि सुरक्षित वैदेशिक रोजगार सम्वन्धी निःशुल्क सूचना तथा परामर्श सेवा लगायतका सेवाहरु लिन सक्ने हुनाले यस केन्द्रको सञ्चालन तथा व्यवस्थापनमा अन्य स्थानीय तहहरुसँग पनि बजेट व्यवस्थापन, योजना तर्जुमा, कार्यान्वयन, गुणस्तरीयता कायम र अनुगमन लगायतको क्षेत्रमा सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद-३
## सम्बन्धित विषयगत शाखा निर्धारण तथा निर्देशक समिति

**५. सम्बन्धित विषयगत शाखा निर्धारणः** सुरक्षित आप्रवासन सम्बन्धी कार्यक्रम सन्चालन गर्ने अभिलेख राख्ने जिम्मेवारी आर्थिक विकास शाखाको हुनेछ ।

**६. नगरपालिका स्तरिय सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिः (१)**वैदेशिक रोजगारसँग सम्बन्धित प्रभावकारी योजना निर्माण, व्यवस्थापन, कार्यन्वयन, अनुगमन तथा सम्बन्धित सरोकारवालहरुसँग समन्वय लगायतका कार्यमा दिशा निर्देश गर्न देहाय बमोजिमको नगरपालिका स्तरीय सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिको व्यवस्था गरिनेछ ।

क) नगर प्रमुखः अध्यक्ष

ख) नगर उपप्रमुख : उपाध्यक्ष

ग)प्रमुख प्रशासकीय अधिकृतः सदस्य

घ) योजना शाखा प्रमुखः सदस्य : सदस्य

ङ) शिक्षा प्रशासन शाखा प्रमुखः सदस्य

च) स्वास्थ्य शाखा प्रमुखः सदस्य

छ) रोजगार संयोजक (प्रधानमन्त्री रोजगार कार्यक्रम) : सदस्य

च) कृषी शाखा प्रमुखः सदस्य

छ) वैदेशिक रोजगार व्यवस्थापन सम्बन्धी कार्यक्रमकोशाखा प्रमुख : सदस्य सचिव

२) नगर स्तरीय सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिले आवश्यक ठानेका अन्य व्यक्ति तथा पदाधिकारीहरुलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**६.नगरपालिका स्तरीय सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिको दफा (५) बमोजिमको निर्देशक समितिले काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ

क) वैदेशिक रोजगारसँग सम्बन्धित (विदेश जाने व्यक्ति, तिनका परिवार र फर्किएर आएका व्यक्तिहरुलाई लक्षित गरी) योजना तर्जुमा, बजेट व्यवस्थापन र कार्यान्वयनका लागि सम्बन्धित शाखालाई आवश्यक दिशा निर्देश गर्ने,

ख) अन्य स्थानीय तहहरु, प्रदेश सरकार, संघीय सरकार अन्तरगतका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार वोर्ड, सम्बन्धित साझेदार संस्था, विकास नियोग, तालिम प्रदायक संस्था तथा सरोकारवालाहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने,

ग) जिल्ला प्रशासन कार्यालयको हाताभित्र आप्रवासी श्रोत केन्द्रको व्यवस्थापन तथा सञ्चालन का लागि आवश्यक सम्बन्धित निकायसँग समन्वय गर्नुका साथै उक्त श्रोत केन्द्र प्रभावकारी सन्चालनका लागि आवश्यक दिशा निर्देश गर्ने

घ) नगरपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको रोजगार सेवा केन्द्र मार्फत सुरक्षित वैदेशिक रोजगार सम्बन्धिको सेवा प्रवाहको लागि आवश्यक कार्य गर्ने,

ङ) सूचना तथा परामर्श सेवा प्रवाह, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, सीप तालिम तथा समुदाय तहमा सचेतनामुलक गतिविधीहरु सञ्चालन गर्न आवश्यक मोड्युल तयारीको लागि पृष्ठपोषण तथा सुझाव प्रदान गर्ने,

च) रोजगारीको लागि आवश्यक सीप तालिमको ब्यवस्था गर्न, सीपयुक्त र ठगी मुक्त समुदाय घोषणा गर्न आवश्यक दिशा निर्देश गर्ने,

छ) निर्देशक समितिद्वारा कम्तिमा चौमासिक रुपमा आप्रवासी श्रोत केन्द्र लगायतको गतिविधिहरुको अनुगमन गरी समीक्षा गर्ने प्रबन्ध मिलाई उपप्रमुख संयोजकत्वमा नियमित रुपमा अनुगमन कार्यलाई निरन्तरता दिने,

ज) अन्य विषयगत शाखा/समितिहरुसँग वैदेशिक रोजगारसँग सम्बन्धित योजना निर्माण तथा कार्यान्वयनको लागि आवश्यक समन्वय तथा छलफल गर्ने,

झ) आवधिक रुपमा बैठक बसी संचालित कार्यक्रमहरुको प्रगति समिक्षा गरी थप प्रभावकारीता अभिबृद्धिका लागि आवश्यक सल्लाह सुझाव तथा मार्गनिर्देश गर्ने,

ञ) सुरक्षित आप्रवासनसँग (वैदेशिक रोजगार व्यवस्थापन) सम्बन्धित कार्यपालिकाद्धारा प्रदत्त अन्य कार्यहरु गर्ने ।

ट) वडा स्तरमा वडाध्यक्षको संयोजकत्वमा सुरक्षित आप्रवासन सम्बन्धी समिति गठन गरी सचेतनामुलक कार्यक्रमहरु सञ्चालनको लागि मार्गदर्शन गर्ने ।

## परिच्छेद-४

<u>योजना तर्जुमा, कार्यान्वयन</u>

**<u>७. वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन तथा व्यवस्थापन :</u> (१)**यस नगरपालिकाले सुरक्षित आप्रवासन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्यन गर्न आफ्नो भौगोलिक क्षेत्रभित्रको वैदेशिक रोजगारसँग सम्बन्धित समग्र तथ्यांक संकलन गर्न सक्नेछ

(२)तथ्याङ्क संकलनको लागि पहिलो पटकको लागि प्रत्येक वडामा १/१ जना गणक नियुक्त गरी परिचालन गर्न सकिनेछ

**(३)** तथ्यांक संकलन गर्दा हाल वैदेशिक रोजगारमा रहेका संख्या, सीप तालिम तथा सूचनामा आप्रवासी कामदारको पहुँच, रेमिट्यान्स प्राप्ति तथा सो को उपभोग/उपयोग सम्बन्धी विवरण, सामाजिक लागत सम्बन्धिका जानकारीहरु र आप्रवासी कामदारहरूले सामना गर्नु परेको समस्या (सम्पूर्ण आप्रवासन चक्रमा) लगायतका विषयहरु समेटी तथ्याङ्क संकलन गर्ने व्यवस्था मिलाईनेछ ।

**(४)** उपदफा ३ मा समेटिने विषयवस्तुका अतिरिक्त वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुको संख्या, उनीहरुले आर्जन गरेका सीप, दक्षता तथा पूंजी र उनीहरुद्वारा संचालित उद्यम तथा व्यवसाय लगायतको विवरणहरु संकलन गरी वैदेशिक रोजगार सम्बन्धी वस्तुगत विवरण तयार गरिने छ ।

**(५)** यस दफा बमोजिम संकलित तथ्यांक तथा वस्तुगत विवरणको आधारमा यस क्षेत्रको प्रभावकारी व्यवस्थापनको लागि वार्षिक तथा आवधिक योजना तर्जुमा र बजेट व्यवस्था गरी कार्यक्रमहरु लागू गरिने व्यवस्था मिलाईनेछ ।

**८. <u>सुरक्षित आप्रवासन सम्बन्धी सुचना तथा परामर्श सेवा प्रवाह</u>ः (१)** भिमाद नगरपालिकाले अन्य स्थानीय तहहरु र जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा जिल्ला प्रशासन कार्यालय हाता भित्र आप्रवासी स्रोत केन्द्र स्थापना गरी जिल्लाका सबै स्थानीय तहहरुबाट वैदेशिक रोजगारमा जानको लागि (एम.आर.पी.) राहदानी बनाउन आउने सेवाग्राहीहरुलाई सीप तालिम तथा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श लगायतका सेवाहरु प्रदान गरिने छ ।

(२)नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको रोजगार सेवा केन्द्रबाट नगरक्षेत्र भित्रका लक्षित सेवा ग्राहीहरुलाईसो सम्बन्धी सेवाहरु प्रवाह गर्ने छ ।

(३) रोजगार सेवा केन्द्रलेवैदेशिक रोजगारको शिलशीलामा नेपाल भित्र वा गन्तव्य मुलुकमा समस्यामा परेका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई सहज न्याय, क्षतिपूर्ति, आर्थिक सहायता/राहत र उद्दारका लागि सम्बन्धित निकायहरुसँग समन्वय तथा सहकार्यमा आवश्यक सहजिकरण गर्नेछ ।

(४) आप्रवासी स्रोत केन्द्रले सूचना प्रवाहलाई व्यापकता दिनको लागि संचार मध्यमहरुसँग पनि निकटतम् समन्वय तथा सहकार्यमा काम गर्ने छ ।

**(९) रिटर्नी स्वयंसेवक परिचालन सम्बन्धी व्यवस्था :(१)**नगरपालिका क्षेत्र भित्रका सवै टोल वस्तीमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी प्रचारप्रसार गरी सूचना सम्प्रेषण गर्ने रिटर्नी स्वयंसेवक परिचालन गरिनेछ_,

( २) रिटर्नी स्वयंसेवकले वैदेशिक रोजगार सम्बन्धी समस्याहरु पहिचान गरी थप विशिष्टिकृत सहयोगका लागि आप्रवासी श्रोत केन्द्रमा सिफारिस गरी पठाउन, विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण गर्न र वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन तथा व्यवस्थापनमा सम्बन्धी कार्यमा खटाइनेछ ।

(३)वैदेशिक रोजगारमा कम्तीमा २ वर्ष काम गरी फर्केका महिला तथा पुरुषहरुलाई सम्बन्धित वडाहरुमा आंशिक वा पूर्णकालिन पेड रिटर्नी स्वयंसेवकको रुपमा परिचालन गरिनेछ ।

(४)वैदेशिक रोजगारमा गई फर्केका व्यक्तिहरुले गन्तव्य मुलुकहरुको नियम कानून, धर्म सँस्कृति, संस्कार, हावापानी र कामसँग सम्बन्धित व्यवहारिक ज्ञान तथा अनुभवहरु सम्भावित आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई सही सूचना सम्प्रेषण गर्ने गर्ने मूल जिम्मेवारी हुनेछ ।

**१०.वैदेशिक रोजगारमा जाने श्रमशक्तिको लागि सीप तालिम सञ्चालन तथा सहजिकरणः(१)** वैदेशिक रोजगारमा जान चाहने सम्भावित आप्रवासी कामदारहरको पहिचान गरी वैदेशिक रोजगारमा रहँदा गर्नुपर्ने कामसँग सम्बन्धित सीप तालिम प्रदानको लागि वैदेशिक रोजगार वोर्ड, प्रदेश सरकार तथा नेपाल सरकार (सि.टि.इ.भि.टी.) द्धारा मान्यता प्राप्त तालिम प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा सीप तालिम सञ्चालन तथा व्यवस्थापन गरिने छ ।

(२) तालिमहरु गन्तव्य मुलुकको आवश्यक्ता तथा मापदण्ड अनुरुपको पाठ्यक्रम निर्माण गरी सञ्चालन गरिने छ । तालिम सञ्चालन सम्बन्धी मोड्युल आवश्यकता अनुसार नेपाल सरकार (सि.टि.इ.भि.टी.), वैदेशिक रोजगार बोर्ड र तालिम प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा तयार गरी लागू गरिने छ ।

**११. न्यायमा सहजिकरणः** (१) वैदेशिक रोजगारको क्रममा हुने ठगी, बेपत्ता, अलपत्र, राहत/आर्थिक सहायता प्राप्ति तथा उद्दार लगायतका समस्याहरुमा आवश्यक सहयोगको लागि आप्रवासी श्रोत केन्द्र मार्फत सहजिकरण गरिने छ ।

(२ उपदफा (१) मा उल्लेखित समस्याको सहजिकरणका लागि समस्याको प्रकृति अनुसार जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, वैदेशिक रोजगार विभाग, न्यायाधिकरण, श्रम कन्सुलर, गन्तब्य स्थित नेपाली दुताबास, यस क्षेत्रमा क्रियाशील संघ संस्था लगायतका निकायहरुसँग प्रभावकारी समन्वय तथा सहकार्यमा जोड दिइने छ ।

(३) वैदेशिक रोजगारसँग सम्बन्धित ठगीका समस्याहरु न्यायिक समितिको क्षेत्राधिकार भन्दा बाहिरको विषय भएकोले न्यायिक समितिले पनि जिल्ला प्रशासन कार्यालय तथा अधिकार प्राप्त निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने छ ।

**१२.वैदेशिक रोजगारमा जाने श्रमशक्ति तथा वैदेशिक रोजगारमा संलग्न परिवारका सदस्यहरुलाई वित्तीय सक्षरता सम्बन्धी कार्यक्रमः( १)** वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण रकमको उचित व्यवस्थापन तथा आयमूलक क्षेत्रमा परिचालन गरी स्वरोजगारका अवसरहरु सिर्जना गर्न र चक्रिय रुपमा वैदेशिक रोजगारमा गईरहनुपर्ने वाध्यताको अन्त्यका लागि रेमिटयान्स प्राप्त गर्ने परिवारका सदस्यहरुका साथै वैदेशिक रोजगारीमा जाने संभावित युवाहरूलाई ब्यक्तिगत तथा समुहहरु गठन गरी वित्तीय साक्षरता कक्षा सञ्चालन गरिने छ ।

( २) वित्तीय साक्षरता कक्षा सन्चालनको लागि वैदेशिक रोजगार बोर्ड तथा सोसँग सम्बन्धित विज्ञता हासिल गरेका संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्न सकिने छ । वित्तीय साक्षरता कक्षा पश्चात सहभागिहरुले कक्षामा बचत बृद्धि, फजुल खर्चको नियन्त्रण, पारिवारीक बजेट निर्माण, व्यसायिक क्षेत्रको पहिचान, योजना निर्माण र वित्तीय अनुशासनका क्षेत्रमा विस्तृत अध्ययन गरी आयमूलक गतिविधिहरुमा संलग्न गराइनेछ ।

( ३) कक्षा व्यवस्थापन तथा सञ्चालनका लागि वित्तीय साक्षरता सहजकर्ता नियुक्ति गरी परिचालन गरिने छ ।

( ४) वित्तीय साक्षरता सहजकर्ताको योग्यता, अनुभव तथा सेवा सुबिधा परिच्छेद -५ को बुँदा नम्बर ९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(५) शुरुवातको चरणमा उक्त सेवालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न, सहजकर्ताको क्षमता विकास गर्न र कक्षा सञ्चालन का लागि सिकाई सामाग्री बिकास गर्न विज्ञ व्यक्ति/संस्थाको सेवा खरिद गरी विशेषज्ञ सेवा लिन सक्ने छ ।

**<u>१३ . वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीपको उपयोग तथा उद्यमशिलता विकास कार्यक्रमः</u>** **(१)** वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरु तथा विप्रेषण प्राप्त गर्ने घर परिवारका सदस्यहरूलाई लक्षित गरी स्थानीय स्तरमा सम्भाव्यता तथा उक्त व्यक्तिहरुको दक्षताको आधारमा योजना तर्जुमा गरी उद्यम विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

**(२)** कार्यक्रम निर्माण तथा सञ्चालन गर्दा लक्षित बर्गको लागत सहभागिता तथा उत्पादनमा आधारित अनुदानको व्यवस्थालाई जोड दिइने छ ।

**(३)** विदेशबाट फर्केर आएका व्यक्तिहरुसँग भएको सीप तथा दक्षता सम्बन्धिको विवरणलाई संकलन गरी रोष्टर बनाई राखिने छ ।

**(४)** रोष्टरमा रहेका जनशक्तिलाई दक्षता र आवश्यकताको आधारमा स्थानीय स्तरमा संचालित विकास निर्माणको क्षेत्रमा परिचालन गरिने छ ।

**(५)** यसको अलवा वैदेशिक रोजगारको क्रममा सीप हासिल गरेका तर प्रमाण पत्र नभएका व्यक्तिहरुलाई लक्षित गरी सीप परीक्षण कार्यक्रम सञ्चालन गरिने छ । उक्त सीप परीक्षणका कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारको (सि.टि.इ.भि.टी.) सम्बन्धित निकायहरु र अन्य विकास साझेदारहरुसँग पनि आवश्यक समन्वय र सहकार्य गर्न सकिने छ । यस सम्बन्धी कार्यक्रम तर्जुमा,कार्यान्वयन तथा अनुगमनका लागि आवश्यक्ता अनुसार मापदण्ड तयार गरी लागू गरिने छ ।

**<u>१४. वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्याहरुमा मनोसामाजिक परामर्श सेवाः (१)</u>** वैदेशिक रोजगारमा गएका व्यक्ति तथा तिनका परिवारहरुलाई वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्यालाई सम्बोधन गर्नका लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२) मनोसामाजिक सेवा प्रवाहका लागि मनोसामाजिक परामर्शकर्ता नियुक्ति गरी परिचालन गरिने छ । मनोसामाजिक परामर्शकर्ताको योग्यता, अनुभव तथा सेवा सुबिधा परिच्छेद -५ को बुँदा नम्बर ९ मा उल्लेख भए बमोजिम हुनेछ ।

३) मनोसामाजिक सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन र मनोसामाजिक परामर्शकर्ताको क्षमता विकास गर्न विज्ञ व्यक्ति/संस्थाको सेवा खरिद गरी विशेषज्ञ सेवा लिन सक्ने छ।

३) मनोसामाजिक परामर्श सेवा सञ्चालनका लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धी विशेषज्ञ संस्था/निकायहरुसँगको समन्वय र सहकार्यमा कार्यक्रम तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ।

४) मनोसामाजिक परापर्श सेवालाई नगरपालिकाले क्रमस आफ्नो स्वास्थ्य शाखामा आन्तरिकिकरण गर्दै लगिने छ । सो सेवा सञ्चालन का लागि आवश्यक मोडयुल सम्बन्धित विशेषज्ञहरुको सहयोगमा तयार गरी कार्यान्वयन गरिने छ ।

५)नगरपालिका भित्र रहेका मानसिक स्वास्थ्यको क्षेत्रमा दक्षता हासिल गरेका व्यक्तिहरुको सूची तयार गरी आवश्यकता अनुसार परिचालन गर्नेछ । गम्भीर मनोसामाजिक समस्या भएका र आर्थिक हिसाबले कमजोर भएका व्यक्तिहरुलाई आवश्यक उपचार सहयोगको लागि सहयोग कोष स्थापना तथा सञ्चालन गरिने छ ।

६) वैदेशिक रोजगारसँग सम्बन्धित सामाजिक लागत न्यूनीकरणका लागि सम्बन्धित सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्यमा थप कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**<u>१५ . अन्तरक्रिया तथा छलफलः</u>** वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उपलब्धीमूलक बनाउन तथा वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरुको ज्ञान, सीपलाई प्रभावकारी रुपमा परिचालन लागि आवश्यक वातावरण सिर्जना गर्न सम्बन्धित सरोकारवालाहरुसँग नियमित छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिनेछ ।

**<u>१६. समुदाय स्तरमा सचेतनामुलक कार्यक्रमः</u>** नगरपालिकाले वैदेशिक रोजगारलाई सुरक्षित तथा व्यवस्थित गर्नका लागि समुदायस्तरमा गठन भई क्रियाशिल रहेका सामुदायिक समुहहरु पहिचान गरि समुहहरुको नियमित बैठकको समयमा सामाजिक परिचालक/रिटर्नी स्वयंसेवकहरुद्धारा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नेछ ।

२) वैदेशिक रोजगारमा जानका लागि प्रक्रियामा रहेका सम्भावित आप्रवासी कामदारहरुलाई वैदेशिक रोजगारको प्रक्रियामा हुन सक्ने सम्भावित जोखिम र सुरक्षाका उपायाहरुको बारेमा गहन अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३) समुदाय अभिमुखिकरण कार्यक्रम र गहन अभिमुखिकरण कार्यक्रम सञ्चालनका लागि छुट्टा छुट्टै कार्यक्रम सञ्चालन मोडयुल तयार गरी लागु गरिने छ ।

४) वडा कार्यालय तथा नगसकार्यापालिकाको कार्यालयकोआवश्यकता अनुसारका सचेतनामुलक कार्यक्रमहरु (संदेश मुलक सडक नाटक, होर्डिंग बोर्ड आदि) निर्माण गरी समुदाय स्तरमा सञ्चालन गरिने छ ।

**१७. वैदेशिक रोजगारका कारण अविभावक गुमाएका, बेपत्ता भएका र अंगभंग भएका ब्यक्तिहरुको सन्ततिलाई छात्रावृत्ति सहयोग : (१)** यस नगरपालिका क्षेत्रभित्रबाट वैदेशिक रोजगारमा गई मृत्यु, बेपत्ता तथा अंगभंग भएका व्यक्तिका बालबालिकाहरुलाई छात्रावृत्ति सहयोग प्रदान गरिने छ ।

२)बेपत्ता भएका व्यक्तिको हकमा ५ वर्ष देखि बेपत्ता भएका व्यक्तिका बालबालिकाहरुलाई समेटिने छ ।छात्रावृति प्रदान गर्दा वैदेशिक रोजगार बोर्ड मार्फत प्रदान गर्ने छात्रावृत्ति सहयोगले नसमेटिएका बालबालिकाहरुको लागि मात्र व्यवस्था गरिने छ ।

३)छात्रावृत्ति सहयोगलाई दुई तहमा विभाजन गरी प्रदान गरिने छ । जस अनुसार आधारभूत तहका बालबालिकालाई वार्षिक आठ हजार र माध्यमिक तहका बालबालिकालाई बाह्र हजारका दरले छात्रावृत्ती प्रदान गरिने ।

४)छात्रावृत्ति सरकारी, सामुदायिक तथा संस्थागत विधालयमा अध्ययनरत १८ बर्ष सम्मका विधार्थीहरुलाई प्रदान गरिने छ ।

५)जसको लागि विधार्थी अध्ययनरत विद्यालय र सम्बन्धित वडा कार्यालयले वैदेशिक रोजगारमा गई मृत्यु तथा अंगभंग ,बेपत्ता भएको प्रमाण सहित नगरपालिका मा सिफारिस गर्ने छ ।

६) यस दफाको उपदफा (१), (२) ,(३) ,(४) प्राप्त निवेदनहरुलाई नगरपालिकाले आश्यक छानविन गरी छात्रावृत्ति प्रदान गर्ने छ । निवेदनको आवश्यक ढाँचा तथा फारमहरुको नमुना तयार गरि कार्यान्वयन गरिने छ।

## परिच्छेद-५

### बजेट तथा जनशक्ति व्यस्थापन

**१८ . बजेट व्यवस्थापनः सुरक्षित आप्रवासन कार्यक्रम सन्चालनको लागि देहाय बमोजिम हुने गरी बजेटको व्यवस्था मिलाईनेछ।**

क)सघीय सरकारवाट प्राप्त रकम,

ख) प्रदेश सरकारबाट प्राप्त,

ग)नगरपालिकाको अन्तरिक श्रोतबाट विनियोजित रकम,

घ) साझेदार संस्था/नियोग तथा दातृ निकायको बजेट साझेदारीतामा प्राप्त बजेटहरुलाई एकिकृत गरी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

**<u>१९. आवश्यक जनशक्ति व्यवस्थापनः (१)</u>यस कार्यक्रम कार्यान्वयनको लागि देहाय बमोजिम हुने गरी जनशक्तिलाई करार सम्झौता गर्न व्यवस्था मिलाईनेछ**

| पद | संख्या | तह | योग्यता तथा अनुभव |
|---|---|---|---|
| मनोसामाजिक परामर्शकर्ता | १ | पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी २ वर्ष अनुभव भई सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता । |
| वित्तीय साक्षरता सहजकर्ता | १ | पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरि २ वर्ष वित्तीय साक्षरता कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अनुभव भई सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता । |
| रिटर्नी स्वयंसेवकहरु | ३ | श्रेणी विहीन | कक्षा १० उत्तीर्ण गरि वैदेशिक रोजगारका लागि मलेशिया वा खाडी मुलुकमा गई कम्तीमा २ वर्ष काम गरि फर्किएको हुनुपर्ने छ । सामाजिक परिचालन र समन्वय तथा सहजीकरण सम्बन्धि ज्ञान भएको । |

(२) उपदफा १ बमोजिमका कर्मचारी तथा स्वयंसेवक भर्ना तथा नियुक्त गर्दा भिमाद नगरपालिका को करारमा कर्मचारी भर्ना सम्बन्धी निर्देशिका, २०७६ अनुसार गरिनेछ ।

## परिच्छेद -६

## <u>विविध</u>

**<u>२०. समन्वय तथा सहकार्य :</u>** अन्य स्थानीय सरकारहरु, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, शिक्षा बिकाश तथा समन्वय ईकाई, जिल्ला प्रहरी कार्यालय, आप्रवासी हकहित संरक्षण केन्द्र, गैसस, दातृ निकाय, विकास साझेदार, विषयगत विशेषज्ञ संस्थाहरु, वैदेशिक रोजगार बोर्ड, वैदेशिक रोजगार बिभाग, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय साथै अन्य सम्बन्धित निकायहरुसँगको समन्वय तथा सहकार्यलाई जोड दिदै सेवा प्रवाहलाई प्रभाकारी बनाईने छ। यसको साथै प्रदेश सरकार, संघीय सरकार तथा सम्बन्धित मन्त्रालयहरुसँग पनि समन्वय तथा सहकार्य गरिने छ ।

**<u>२१. कार्यविधि संशोधन तथा खारेज गर्न सक्ने:</u>** कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ। यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा

नगरपालिका अध्यक्षले तत्काल पालिका स्तरीय सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिको बैठक राखी बाधा अडकाउ फुकाउन सक्नेछ । यस कार्यविधिमा उल्लेख भएका कुराहरु नेपालको प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ

# कृषि विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि,२०८०

कृषि विकासका लागि प्रदान गर्ने अनुदान सम्बन्धी कार्यक्रम कार्यान्वयनलाई सहज र प्रभावकारी बनाई कृषि क्षेत्रको उत्पादन र उत्पादकत्त्व बढाउन बान्छनीय भएकोले,

भिमाद नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ को दफा ७ को खण्ड (क), दफा ८ को उपदफा (२) र (३) र सोही ऐनको दफा ३६ ले दिएको अधिकार प्रयोग गरी भिमाद नगरपालिकाले कृषि विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम तथा प्रारम्भः</u> (१)यस कार्यविधिको नाम **'कृषि विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि,२०८०'** रहेको छ।

(२)यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले भिमाद नगरपालिका तनहुँलाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले भिमाद नगरपालिका, नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ग) "अनुदानग्राही" भन्नाले सामूहिक वा व्यक्तिगत रुपमा कृषि सामग्रीमा कार्यालयबाट अनुदान लिने कृषक, कृषि फर्म, कृषक समूह, कृषि उद्यमी, तथा कृषि सहकारीलाई सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमलाई सम्झनु पर्दछ।

(ङ) "कार्यदल" भन्नाले दफा ९ बमोजिम गठन भएको कृषि विकास कार्यदललाई जनाउँनेछ।

(च) "प्रस्ताव" भन्नाले कार्यक्रममा उल्लेख कार्य गर्नका लागि अनुदानग्राहीले पेश गरेको विस्तृत कार्य योजना सहितको विवरणलाई सम्झनु पर्छ।

(छ) "वर्षे फलफूल" भन्नाले असार श्रावण महिनामा रोपिने फलफूल विरुवा सम्झनु पर्छ।

(ज) "हिउँदे फलफूल" भन्नाले पुस माघ महिनामा रोपिने फलफूल विरुवा सम्झनु पर्छ।

(झ) "मसला बाली" भन्नाले मसलाको रुपमा प्रयोग हुने लसुन, प्याज, जिरा, धनिया, अदुवा, बेसार, खुर्सानी लगायतका बाली सम्झनु पर्छ।

(ञ) "कृषि सामग्री" भन्नाले बीउ, बिरुवा, प्लाष्टिक टनेल, सिंचाई पाईप, सिचाई मोटर पम्पसेट, कृषि मेशीनरी औजार, रासायनिक वा जैविक मल, मौरी घार, च्याउको बीउ (Spawn) लगायत कृषि प्रवर्द्धनमा सहयोग पुर्याउने सामग्रीलाई सम्झनु पर्छ

(ट) "रैथाने बाली" भन्नाले परम्परागत रुपमा सदियौं देखि कृषकले खेती एवम् संरक्षण गर्दै आएको बालीहरुलाई सम्झनु पर्दछ।

३. **<u>उद्देश्यहरु</u>**ः यस कार्यविधिका उद्देश्य देहाय वमोजिम हुनेछन्।

(क) कृषि कार्यक्रम संचालन प्रकृयालाई सरल, छिटो छरितो, प्रभावकारी एवं पारदर्शी बनाउने।

(ख) नगरस्तरबाट संचालन हुने कृषि कार्यक्रमहरुलाई मार्गदर्शन प्रदान गर्ने।

(ग) आवश्यकता अनुसार कृषि क्षेत्रमा सहयोग पुर्याउने खालका विविध किसिमका अनुदान कार्यक्रमहरु सञ्चालन गर्ने।

४. **<u>कृषि विकास अनुदानका कार्यक्रमहरूः (१)</u>** यस कार्यविधि बमोजिम अनुदान प्रदान देहाय बमोजिमका कार्यक्रमलाई मात्र अनुदान प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

क) अनुदान वितरणका कार्यक्रमहरु,

ख) व्यवसायीक खेती प्रवर्द्धन कार्यक्रम,

ग) कृषि प्रसारका कार्यक्रम,

घ) कृषि पूर्वाधार निर्माण कार्यक्रम,

(२)उपदफा (१) बमोजिमका कार्यक्रम नगर सभाले स्वीकृत गरे बमोजिम हुनेछन् ।

## परिच्छेद २

## व्यवस्थापकीय पक्ष

५. **<u>अनुदान उपलब्ध गराउन सक्नेः</u>** नगरपालिकाले यस कार्यविधिको दफा ४ मा उल्लेखित कार्यक्रमहरुमा परिच्छेद- ३ बमोजिमको उद्देश्य, क्रियाकलापहरु र शर्त/मापदण्डमा अनुदान उपलब्ध गराउन सक्नेछ।

६. **<u>अनुदान रकमको सीमा र प्रतिशतः</u>** दफा ४ मा उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रमको अनुदान रकमको सीमा देहाय बमोजिमको हुनेछः

(क) कृषिजन्य बालीको बीउ तथा विरुवा वितरण कार्यक्रममा नगर विकास योजना अनुसार अधिकतम ७५ प्रतिशतसम्म हुनेछ।

(ख) नगरपालिकाबाट वितरण हुने कृषि यान्त्रिकरणका मेशिनरी, औजार तथा उपकरणको हकमा ५० प्रतिशत हुनेछ।

(ग) व्यवसायीक खेती प्रवर्द्धन कार्यक्रमको हकमा उत्पादन लागतको अधिकतम ५० प्रतिशत हुनेछ।

(घ)कृषि प्रसारका कार्यक्रमहरु सञ्चालन गर्दा १०० प्रतिशत अनुदान हुनेछ।

(ङ)कृषि पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन गर्दा सिँचाई सम्बन्धी पूर्वाधारको लागि कुल लागत रकमको बढीमा ८५ प्रतिशत र अन्य पूर्वाधारको लागि कुल लागत रकमको बढीमा ५० प्रतिशत हुनेछ।

(च)मौरी घार तथा मौरीपालन सम्बन्धी अन्य उपकरणहरुको हकमा अधिकतम ९० प्रतिशत सम्म हुनेछ।

(छ) अन्य विशेष कार्यक्रमहरु सञ्चालन गर्दा नगरकार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

७. <u>कार्यक्रम कार्यान्वयन प्रकृया:</u> कृषि विकास अनुदान कार्यक्रम सञ्चालन गर्दा देहाय अनुसारका प्रक्रियाहरु अवलम्बन गरिनेछ,

क) कार्यक्रमको माग संकलनको लागि कम्तिमा १५ दिनको सूचना प्रकाशन गर्ने,

ख) अनुसूची १ बमोजिम आवेदनपत्र तथा अनुसूची- २ बमोजिम संक्षिप्त कार्ययोजना लिने,

ग) कृषि विकास कार्यदलले कार्यक्रमको प्रकृति अनुसारको स्थलगत अनुगमन गरी अनुसूची ३ बमोजिमको मूल्याङ्कन गरी बढी अंक प्राप्त गर्नेलाई मेरिटको आधारमा छनौट गर्ने,

घ) उपदफा (ग) बमोजिम छनौट भएका लाभग्राहीसँग अनुसूची- ४ अनुसारको ढाँचामा सम्झौता गर्ने,

ङ) प्राविधिक वा अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदनको आधारमा अनुदानग्राहीलाई भुक्तानी उपलब्ध गराउने।

च) अघिल्लो आर्थिक वर्षहरुमा अनुदान पाएको भए सोको उपलब्धी विवरण ।

छ) अन्य निकायवाट अनुदान लिएको भए के-के कामको लागि कुन वर्ष कति रकम लिएको हो सोको विवरण ।

८. <u>कार्यक्रम कार्यान्वयनमा संलग्न निकाय</u> **:** यस कार्यविधि अनुसार सञ्चालन हुने कार्यक्रमहरुलाई प्रभावकारी रुपमा लागु गर्न देहाय बमोजिमका निकायहरुको जिम्मेवारी तथा भूमिका हुनेछ ;

क) **नगर कार्यपालिकाः** कार्यविधि पारित गरी सफल रुपमा कार्यान्वयन भए नभएको निगरानी एवं अनुगमन गरी समय सापेक्ष परिमार्जन वा संशोधन गर्दै लैजाने।

ख) **आर्थिक विकास समिति :** कार्यक्रमको प्रभावकारीताको विषयमा आवश्यक निगरानी तथा अनुगमन गर्ने र अनुगमनबाट प्राप्त पृष्ठपोषण सहित सुझाव नगरकार्यपालिका समक्ष पेश गर्ने ।

ग) **वडा कार्यालयहरुः**

१) वडा स्तरबाट सञ्चालन हुने कृषि अनुदानका कार्यक्रमहरु कृषि विकास शाखासँगको समन्वयमा कार्यान्वयन गर्ने।

२) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी फरफारकको लागि सिफारिस गर्ने।

घ) **आर्थिक विकास शाखा /कृषि विकास शाखाः**

१) नगरपालिका र वडाका कृषि तर्फका कार्यक्रमहरुको समन्वय गरी प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्ने ।

२) सूचना प्रकाशन गरी कृषकहरुबाट दरखास्त संकलन गर्ने।

३) अनुगमन प्रतिवेदनका आधारमा मूल्याङ्कन गर्ने र भुक्तानीको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने।

४) कृषि उद्यमीहरुलाई आवश्यक पर्ने प्राविधिक सेवा उपलब्ध गराउने।

**३) कृषक/कृषि फर्म/कृषि सहकारी/कृषक समूह**

१) आफुले पेश गरेको कार्ययोजना अनुसार काम गर्ने लिखित प्रतिवद्धता जाहेर गरी सोही बमोजिम कार्यक्रम सञ्चालन गर्ने।

९. **कृषि विकास कार्यदलः** (१) कृषि विकास कार्यक्रमको सञ्चालन तथा अनुदान प्रवाहलाई प्रभावकारी वनाउन देहाय बमोजिमको एक कृषि विकास कार्यदल रहनेछः

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) कृषि हेर्ने कार्यपालिका सदस्य | सदस्य |
| ग) आर्थिक विकास शाखा प्रमुख | सदस्य |
| घ) व्यवसायीक कृषि फर्म, समूह वा सहकारी मध्येबाट संयोजकले तोकेको एक जना प्रतिनिधि | सदस्य |
| ङ) कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

२) कार्यदलको सचिवालय कृषि विकास शाखा हुनेछ।

३) कार्यदलको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

४) कार्यदलको बैठक सम्बन्धी कार्यविधि कार्यदलले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **कृषि विकास कार्यदलको काम कर्तव्य र अधिकार**: कृषि विकास कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) नगरको आर्थिक विकासमा योगदान पुऱ्याउन कृषि विकासको योजना निर्माण गरी नगरपालिकामा सिफारिस गर्ने,

ख) कृषि विकास कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा सहजिकरण गर्ने,

ग) कार्यविधिमा आवश्यक संसोधनका लागि कार्यपालिका समक्ष पेश गर्ने,

घ) कृषि विकास कार्यक्रम सञ्चालनका क्रममा आईपरेका समस्याको सम्बोधन तथा समाधानमा सहयोग गर्ने,

ङ) दफा १३ बमोजिमको आधारमा अनुदानग्राहीको छनौट गर्ने।

च) छनौट भएका अनुदानग्राहीको काम सन्तोषजनक नभएमा सम्झौता रद्द गरी कारबाहिका लागि सिफारिस गर्ने ।

छ) यस कार्यविधि अनुसार गर्नुपर्ने अन्य कार्यहरु गर्ने तथा गराउने।

**११.** <u>**अनुगमन समितिः**</u> १) यस कार्यविधि अनुसार अनुदान प्राप्त अनुदानग्राहीहरुले अनुदानको सदुपयोग गरे नगरेको अनुगमन गर्नका लागि देहाय अनुसारको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः

| | |
|---|---|
| क) नगर उपप्रमुख | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) आर्थिक विकास समितिको संयोजक | सदस्य |
| घ) सम्बन्धीत वडाका वडा अध्यक्ष | सदस्य |
| ङ) आर्थिक विकास शाखा प्रमुख | सदस्य |
| च) कृषि हेर्ने कार्यपालिका सदस्य | सदस्य |
| छ) कृषि विकास शाखा प्रमुख | सदस्य- सचिव |

१२. <u>**अनुगमन समितिको काम, कर्तव्य र अधिकार**</u>: (१) दफा ११ बमोजिमको अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) स्वीकृत कृषि विकास कार्यक्रम प्राविधिक मापदण्ड अनुसार भए नभएको हेर्ने,

ख) कृषि विकास कार्यक्रम कार्यान्वयनको समिक्षा तथा मूल्याङ्कन गर्ने,

ग) अनुदानग्राहीको बिल, भरपाई तथा परियोजनास्थलको अवलोकन गर्ने,

घ) कार्यक्रम सञ्चालनका क्रममा आई परेका समस्याको समाधानका लागि समन्वय गर्ने,

ङ) अनुदानग्राहीले गरेका काम तथा प्रगतिका आधारमा मूल्याङ्कन गरी पृष्ठपोषण सहितको प्रतिवेदन पेश गर्ने,

च) यस कार्यविधि अनुसार समितिले गर्नु पर्ने अन्य कार्यहरु गर्ने गराउने।

(२) अनुगमन सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बजोजिम हुनेछ।

**१३.** <u>**अनुदानग्राही छनौट सम्बन्धी व्यवस्थाः**</u> **(**१) कृषि विकास कार्यक्रम अन्तर्गत अनुदान प्रदान गरिने क्रियाकलापहरुका लागि प्रस्ताव मूल्याङ्कन तथा छनौट कार्य यसै कार्यविधि को दफा ९(१) बमोजिम गठित कार्यदलले गर्नेछ।तर प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनौट गर्नु नपर्ने कृषि प्रसारका नियमित कृयाकलापहरु कृषि विकास शाखाले यस कार्यविधिको अधिनमा रहि आवश्यक विधि निर्धारण गरी सञ्चालन गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम प्रस्ताव मूल्याङ्कन तथा छनौट गर्दा देहाय बमोजिम गर्नुपर्ने छ;

क) प्राप्त निवेदनहरुको मूल्याङ्कन र अनुगमन गरी अनुसूची ३ बमोजिम अनुदानग्राही छनौट गर्ने,

ख) छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकम यकिन गर्ने र सम्झौताको लागि सिफारिस गर्ने,

३) उपदफा २(क) बमोजिम मूल्याङ्कन तथा छनौट गर्दा सम्भाव्य पकेट क्षेत्र तथा व्यवसायीक महत्त्व बोकेका बाली उत्पादन हुने क्षेत्रलाई प्राथमिकता दिनु पर्दछ।

१४. **<u>अनुदान भुक्तानीः</u>** (१) नगद अनुदान दिइने कार्यक्रमको हकमा अनुदान रकम सोझै अनुदानग्राहीको बैंक खातामा जम्मा हुने गरी भुक्तानी गरिने व्यवस्था मिलाईनेछ ।

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ। कार्यक्रमको प्रकृति अनुसार सम्बन्धीत निकायको जिम्मेवार प्राविधिकले स्थलगत निरिक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदानग्राहीलाई भुक्तानी गरिनेछ।

## परिच्छेद ३

## कृषि विकास अनुदान कार्यक्रम सञ्चालनका प्राविधिक पक्ष

१५. **<u>अनुदानमा वितरणका कार्यक्रमहरु</u> : अनुदान वितरणका प्राविधिक पक्ष देहाय बमोजिम हुनेछन् ।**

क) **परिचयः** कृषि कार्यमा सहजता ल्याउन तथा कृषि तथा पशुपालनको उत्पादन लागत घटाई कृषिको व्यवसायीकरणलाई प्रवर्द्धन गर्न कृषि उपज उत्पादन तथा पशुपालन क्षेत्रमा प्रयोग हुने उन्नत तथा आधुनिक मेसिनरी औजार उपकरण खरिदमा अनदुान उपलब्ध गराउन यो कार्यक्रम सञ्चालन गरिने छ।

ख) **उद्देश्यः**

१) कृषकको कृषि सामग्रीमा हुने लागत कम गराई व्यवसायीक कृषिमा आकर्षण गर्ने।

२) कृषिका नविनतम प्रविधिमा कृषकको सहज पहुँच गराउने।

३) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षा कायम गर्ने ।

ग) **लक्षित समूहः**

क) व्यवसायीक खेति गर्ने कृषक, कृषि उद्यमी, कृषि फर्म, कृषक समूह तथा कृषि उत्पादक सहकारी।

ख) बीउ बिजन तथा बिरुवाहरुको लागि नगर भित्रका सम्पूर्ण कृषकहरु।

ग) वैदेशिक रोजगारबाट फर्केर व्यवसायीक कृषि गर्न ईच्छुक।

घ) **प्रमुख क्रियाकलापहरुः**

१) कृषि मेशिनरी, औजार तथा उपकरणहरु उपलब्ध गराउने।,

२) बीउ बिजन तथा बिरुवाहरु उपलब्ध गराउने।

३) मौरी सहितको घार र मौरी पालनका लागि आवश्यक समाग्रीहरु वितरण।

४) बेमौसमी तथा व्यवसायीक खेति सपोर्ट कार्यक्रम

५) प्लास्टिक टनेल तथा प्लास्टिक मल्चिङ,

६) सिँचाई सम्बन्धी कार्यक्रमहरु।

७) कृषिसँग सम्बन्धीत तोकिएका अन्य कार्यक्रमहरु

ङ) **न्यूनतम मापदण्ड/प्रासङ्गारिक विषय**

१) मिनी टिलर र पावर टिलर (अधिकतम २० एच.पी. सम्म) र यसका एट्याचमेन्टहरु।

२) पावर स्प्रेयर, ब्रस कटर, विडर, खाडल खन्ने मेसिनरी औजार, बीउ प्रशोधन मेसिनहरु तथा कृषि बालीहरु खेतीको लागि आवश्यक पर्ने अन्य यन्त्र तथा उपकरणहरु,

३) बर्षे तथा हिउँदे फलफूलको बीउ/विरुवा,

४) कृषि बाली तथा च्याउको वीउ,

५) मौरीको घार तथा मौरी पालनका लागि आवश्यक अन्य सामाग्रीहरु,

१६. **व्यवसायिक खेती प्रवर्द्धन कार्यक्रमः** व्यवसायिक खेती प्रवर्द्धन कार्यक्रमका प्राविधिक पक्ष देहाय बमोजिम रहने व्यवस्था मिलाईनेछ ।

क) **परिचयः** कृषि जन्य बाली बस्तुको उत्पादन र उत्पादकत्त्वमा बृद्धि गरी बिभिन्न बालीको उपलब्धता बृद्धिका लागि स्थान विशेष व्यवसायीक खेति प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ।

ख) **उद्देश्यः**

१) व्यवसायीक खेती गरी कृषिको उत्पादन र उत्पादकत्व बढाउने।

२) व्यवसायीक खेती विस्तार गरी कृषि उत्पादनको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा टेवा पुर्याउने।

३) स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने।

ग) **लक्षित समूहः** व्यवसायीक खेति गर्ने कृषक, कृषक समूह, कृषि उत्पादक सहकारी तथा वैदेशिक रोजगारीबाट फर्किएका र न्यून आय भएका कृषक ।

घ) **प्रमुख क्रियाकलापहरुः**

१) विभिन्न बाली वस्तुका उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने ।

२) बाली तथा वस्तुको उत्पादन सामग्रीहरु, उपकरणहरु, सङ्कलन, प्राथमिक प्रशोधन सामग्रीहरु, पूर्वाधार सूधार वा निर्माण गर्ने ।

३) अभिमुखिकरण, तालिम, गोष्ठी, आन्तरिक भ्रमण।

४) नयाँ उत्पादन क्षेत्र (पकेट) स्थापना तथा फलफूल बगैंचा विस्तार गर्ने।

५) पुरानो बगैंचा सुधार ।

ङ) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषय** क) सामूहिक वा एकल रुपमा देहायका बाली/वस्तुहरुमा तपशिल बमोजिमको न्यूनतम मापदण्ड पुरा गर्ने गरी कार्यक्रम माग गर्नुपर्नेः

| क्र.सं. | बाली/वस्तु | एकाई | न्यूनतम मापदण्ड |
|---|---|---|---|

| | | | एकल | सामूहिक |
|---|---|---|---|---|
| १ | अदुवा/वेसार | रोपनी | ५ | ५० |
| २ | च्याउ (डल्ला) | संख्या | २०० | १००० |
| ३ | उखु | रोपनी | ५ | ५० |
| ४ | तरकारी | रोपनी | २ | ५ |
| ५ | लसुन, प्याज, अकबरे खुर्सानी/खुर्सानी | रोपनी | २ | ५ |
| ६ | मौरीघार (गोला सहित) | वटा | ५० | ४०० |
| ७ | फलफूल | रोपनी | ५ | ५० |
| ८ | आलु | रोपनी | ३ | २० |
| ९ | खाद्यान्न बाली | रोपनी | १० | १०० |
| १० | दलहन/तेलहन बाली | रोपनी | ३ | २० |
| ११ | प्लाष्टिक घरमा खेती (मल्चिङ्ग, ड्रिप सहित) | वर्ग मि. | १४० | ७०० |
| १२ | मसिना तथा वास्नादार धान/रैथाने बाली | रोपनी | ३ | ३० |
| १३ | पुष्प खेति | रोपनी | ३ | २० |

**नोट : माथि उल्लेखित बाली वस्तु बाहेकका बाली वस्तुको हकमा न्युनतम मापदण्ड कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।**

(ख) उपदफा (१) बमोजिमको मापदण्डको खेति एकै क्लष्टरमा वा ५० मिटर भन्दा टाढा नहुने गरी गर्नु पर्ने छ।

(ग) उपदफा (१) बमोजिमको न्यूनतम मापदण्ड पूरा गरि कार्यक्रम माग गर्ने कृषक, कृषि फर्म, कृषक समूह वा कृषि उत्पादक सहकारीलाई कृषि सामग्री खरिद, ज्यामी ज्याला, औजार उपकरण तथा सिँचाई व्यवस्थापनमा दफा ६ अनुसारको अनुदान उपलब्ध गराईने छ।

(घ) कृषि सँगसँगै एकिकृत पशु पालन गर्ने कृषकलाई प्राथमिकता दिईने।

(ङ) खेति गर्दा जैविक प्रविधिलाई प्राथमिकता दिनु पर्नेछ।

**१७. <u>कृषि प्रसारका कार्यक्रम:</u> कृषि प्रसार कार्यक्रमका प्राविधिक पक्ष देहाय बमोजिम हुनेछन्**

**१) परिचयः** कृषिका आधुनिक तथा नविनतम प्रविधिको बारेमा कृषकहरुलाई अवगत गराउन कृषि प्रसारका कार्यक्रमहरु सञ्चालन गरिने छ।

**२) उद्देश्यः**

(क) कृषि तर्फ विकास भएका उन्नत प्रविधि, उन्नत नश्ल बीउ, आदिलाई कृषकस्तर सम्म पुर्याउने।

(ख) तत्काल देखा परेका समस्याहरुको कारण, लक्षण र व्यवस्थापन बारे जानकारी गराउने।

**३) लक्षित समूहः** कृषक, कृषि समूह, कृषि सहकारीहरु

**४) प्रमूख क्रियाकपालहरुः यस कार्यक्रम अनुसार देहायका क्रियाकलाप सञ्चालन गरिने छ**

क) तालिम सञ्चालन

ख) कृषि सम्बन्धी स्कुल शिक्षा कार्यक्रम

ग) कृषि सम्बन्धी जानकारी छपाई तथा वितरण कार्यक्रम

घ) कृषक पाठशाला सञ्चालन

ङ) कृषि प्रदर्शनी सञ्चालन

च) कृषक दिवश

छ) मिनिकिट वितरण

ज) आकस्मिक बाली संरक्षण/प्लान्ट क्लिनिक सञ्चालन

झ) माटो परिक्षण कार्यक्रम

ञ) क्रप कटिङ्ग

ट) उत्पादन प्रदर्शनी

ठ) कृषि सूचना केन्द्र

**५) न्यूनतम मापदण्ड/प्रासङ्गारिक विषयः**

(क) तालिम सञ्चालनका लागि कम्तिमा १० जना सहभागी हुनु पर्ने।

(ख) कृषक पाठशाला सञ्चालनका लागी २५ देखि ३० जना कृषकहरुलाई १६ हप्ता सम्म गरिने छ।

(ग) यस कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालन गर्दा कृषक, कृषक समूह तथा कृषि सहकारीहरुको मागको आधारमा आवश्कता अनुसार सञ्चालन गरिने छ।

(घ) कार्यक्रम सञ्चालनको आर्थिक पक्ष दफा ५ मा तोकिए बमोजिम हुनेछ।

(ङ) प्राविधिक सल्लाह सहित leaflet, pamphlet, brochure आदि उपलब्ध गराउने।

**१८. <u>कृषि पूर्वाधार निर्माण कार्यक्रम</u>: कृषि पूर्वाधार कार्यक्रमको न्यूनतम प्राविधिक पक्ष देहाय बमोजिम हुनेछन्**

**क) परिचयः** नगरबाट व्यवसायीक खेतिका लागि आवश्यक कृषि पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ।

**ख) उद्देश्यः**

१) गुणस्तरीय कृषि उत्पादनका लागी उपयुक्त कृषि प्रविधिको निर्माण गर्ने।

**ग) लक्षित समूहः** व्यवसायीक खेति तथा कृषि उपजको बजारीकरणमा टेवा पुर्याउने व्यवसाय सञ्चालन गर्ने कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारी

**घ) प्रमुख क्रियाकलापहरुः**

१) प्लाष्टिक पोखरी निर्माण कार्यक्रम

२) प्लाष्टिक घर निर्माण कार्यक्रम

३) हाट बाजार सञ्चालनका लागि टहरा निर्माण कार्यक्रम

४) व्यवसायीक च्याउ खेतिका लागी टहरा निर्माण कार्यक्रम।

५) संकलन केन्द्र/चिस्यान केन्द्रका लागि न्याक निर्माण गर्ने ।

६) प्रशोधन केन्द्र निर्माण ।

**ङ) न्यूनतम मापदण्ड/प्रासङ्गारिक विषय**

१) कृषि पूर्वाधार निर्माण गर्दा व्यवसायीक कृषि गर्ने फर्म, कृषक समूह वा सहकारीबाट प्रस्ताव आवह्रान गरिनेछ।

२) निजि जग्गामा पूर्वाधार निर्माण गर्दा कम्तिमा १० वर्षको लागि करार सम्झौता गरी लिजमा लिएको हुनु पर्ने।

३) कृषि उपजको उत्पादन, संकलन, भण्डारण तथा बजारीकरण योजना पेश गर्नु पर्ने।

४) डिजाईन तथा इस्टिमेट प्राविधिकद्धारा प्रमाणित भएको हुनु पर्ने।

**क) प्लाष्टिक पोखरी निर्माण कार्यक्रम**

१) व्यवसायीक खेति गरेको हुनु पर्ने।

२) फलफूलको हकमा कम्तिमा ५ रोपनी र तरकारी बालीको हकमा कम्तिमा ३ रोपनी क्षेत्रफलमा गरिने खेति सहितको कार्ययोजना पेश गर्नु पर्ने।

**ख) प्लाष्टिक घर निर्माण कार्यक्रम**

१) व्यवसायीक खेतीका लागी जग्गा उपलब्ध भएको हुनु पर्ने।

२) व्यवसायीक खेति गर्ने उद्देश्य भई सम्बन्धीत निकायमा फर्म/समूह/सहकारी दर्ता भएको हुनु पर्ने।

३) फलामे पाइप सहितको प्लास्टिक घर निर्माण गर्नु पर्ने।

**ग) हाट बजार सञ्चालनका लागि टहरा निर्माण कार्यक्रम**

१) कृषि विकास कार्यदलले आफै सञ्चालन गर्ने वा अन्य निकायलाई जिम्मा दिन सकिने।

**घ) चिस्यान केन्द्रमा र्‍याक निर्माण कार्यक्रम**

१) दर्तावाल निजी वा सामुदायीक संस्थाले निर्माणको लागि आवेदन दिनु पर्ने।

२) पुर्ण रुपमा निर्माण भएका चिस्यान केन्द्र हुनु पर्ने।

३) आवेदकले वस्तु संकलन, भण्डारण तथा बजारीकरण योजना पेश गर्नु पर्ने।

४) कार्यालयले र्‍याक निर्माण डिजाइन र ईस्टिमेट स्वीकृत गर्नु पर्ने।

**परिच्छेद ४**

**विविध**

१९.**<u>गुणस्तरियताः</u>** नगरपालिकाले अनुदान दिने कृषि सामाग्रीको गुणस्तरियतालाई ख्याल गर्नु पर्नेछ। सोको लागी तोकिएका सम्वन्धित पदाधिकारी र कर्मचारीहरुबाट आवश्यकता अनुसार अनुगमन गर्नु पर्नेछ।

२०.**<u>कारबाहीको व्यवस्थाः</u>** १) सम्झौता तथा कार्यतालिका बमोजिम कार्य नगर्ने अनुदानग्राहीलाई अनुदान रकम उपलब्ध गराइने छैन।

२) अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही गरी असुल उपर गर्न सकिने छ।

३) यस्ता अनुदानग्राहीहरुलाई भविष्यमा सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ।

२१.**<u>बाधा अड्काउ फुकाउनेः</u>** (१) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिकाको हुनेछ।

(२)यो कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

**अनुसूची (१)**

आवेदन फारम

दफा ७ (ख) संग सम्बन्धित

मिति- ..................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद तनहुँ ।

विषयः कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

उपरोक्त सम्बन्धमा भिमाद नगरपालिका कृषि विकास शाखाको मिति ........... गते प्रकाशित सूचना अनुसार .......................................कार्यक्रममा म/ हामी ........................................ सहभागी हुनको लागि यो निवेदन पेश गर्दछु /गर्दछौ

निवेदकः

....................................

कृषक/ फर्म /समूह /समिति/सहकारी
ठेगाना :
सम्पर्क व्यक्तिको नामः
मोबाईल नंः.
हस्ताक्षर :

आवश्यक कागजतहरु :

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. कृषि फर्म कृषक समूह र कृषि सहकारिको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपी
३. सञ्चालक समिति वा कार्यसमितिको निर्णयको प्रतिलिपी
४. कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर तथा लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी
५. परियोजना प्रस्ताव/संक्षिप्त कार्ययोजना
६. जग्गाधनी प्रमाणपूर्जा, जग्गा भाडामा लिएको भए सोको सम्झौताको प्रतिलिपी ।
७. प्रस्तावित परियोजना स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनलाई सहयोग हुने अन्य केही सपोर्ट डकुमेन्ट सो समेत ।

# अनुसूची (२)

## संक्षिप्त कार्ययोजना

दफा ७ (ख) संग सम्बन्धित

आवेदक सम्बन्धी विवरण :

| | |
|---|---|
| आवेदकको नाम : | |
| ठेगाना | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाइटर वा अध्यक्षको नाम | |
| मोबाईल नम्बर | |
| परियोजनाको नाम | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कुल खर्च | |
| नगरबाट माग गरेको कुल अनुदान रकम | |
| अन्य स्रोत वा वित्तिय सहकार्यमा कुनै काम भईरहेको भए कुन संस्थाबाट के-के उद्देश्यका लागि वित्तिय सहयोग पाउनु भएको छ खुलाउनुहोस । | |
| प्रस्तावना पेश गर्ने कार्यालयको नाम | |

२.हालको अवस्था

| क्र.सं | हालको व्यवसाय | व्यवसायको आकार | व्यवसाय सञ्चालनको आधार(व्यक्तिगत वा अन्य निकायको सहयोगबाट) | वार्षिक उत्पादन (अनुमानित) | वार्षिक कुल अनुमानित आम्दानी | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| जम्मा | | | | | | |

३. अनुदान पछिका कार्ययोजना तालिका

| **क्र.सं.** | **विवरण** | **जम्मा खर्च रु.** | **नगरपालिकाको रु.** | **कृषकको लागत रु.** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनसूची- ३

### मूल्याङ्कलनका आधारहरु

### दफा ७ (ग) र दफा १३ को उपदफा २(क) सँग सम्बन्धित

| क्र.सं. | मूल्याङ्कनको आधार | अङ्क भार |
|---|---|---|
| १ | हाल सम्म कुनै पनि अनुदान प्राप्त नगरेको | १० |
| २ | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको अनुदान प्राप्त नगरेको | १० |
| ३ | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको अनुदान प्राप्त गरेको | ५ |
| ४ | व्यवसायीक योजना सम्बन्धी प्रस्ताव | २० |
| ५ | रैथाने बाली प्रवर्द्धन | ५ |
| ६ | रोजगारी सिर्जना | १५ |
| ७ | बजारीकरणको अवस्था | ५ |
| ८ | व्यवसायको दिगोपना/निरन्तरता | १० |
| ९ | पूर्वाधारको उपलब्धताको अवस्था | १० |
| १० | कार्यक्रम सफलताको सम्भाव्यता | १० |
| | **जम्मा** | १०० |

## अनुसूची ४

दफा ७ (घ) सँग सम्बन्धित

सम्झौता पत्रको नमूना भिमाद नगरकार्यपालिकाको कार्यालय, गण्डकी प्रदेश, तनहुँ

र

श्री ......................................... बीच

..................................................सञ्चालनको लागि सम्झौता पत्र

यो सम्झौतापत्र.........................कार्यालय (यस पछि पहिलो पक्ष भनिएको) र ............................ कृषक समूह/सहकारी संस्था ...... वडा नं ......................... टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त बमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

१. यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र संचालन गरी मिति २०...... साल ..... महिना ....... गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

२. यस सम्झौता बमोजिमको ........... कार्यक्रम सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ । दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन।

३. प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसारको कार्य सम्पन्न पश्चात एकमुष्ट रकम रु.......... (अक्षरुपी..........) भुक्तानी गरिने छ।

४. सम्झौता वमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु................(अक्षरेपी ......................................) र दोस्रो पक्षको लागत सहभागिता .................................. (अक्षरेपी..............................................) व्यहोरिनेछ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको .......... कार्यक्रमका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्रसरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नुर्नेछ।

७. प्रथम पक्षले तोकेको ढाँचा अनुसार कार्यक्रमको विवरण, लागत, सम्पन्न अवधि, अपेक्षित उपलब्धि जस्तो सम्पूर्ण विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा दोस्रो पक्षले सुचना पाटी/होर्डिंग बोर्ड राख्नुप्नुर्नेछ।

८. दोस्रो पक्षले कार्यक्रम शुरुवात देखि सञ्चालन सम्बन्धी सम्पूर्ण कार्यको अभिलेख राखेको हुनु पर्नेछ।

९. प्रथम पक्षको कर्मचारी प्रतिनिधिको उपस्थितिमा दोस्रो पक्षले कार्यक्रमको सुरुमा एकपटक र कार्यसम्पन्न भए पछी अन्तिममा एक पटक सार्वजनिक सुनुवाई (Public Audit) अनिवार्य गराउनुपर्नेछ।

१०. प्रथम पक्ष समक्ष रकम भुक्तानिको निबेदन पेश गर्दा उक्त सार्वजनिक सुनुवाई कार्यक्रमको कागजपत्र र एक प्रति रंगिन फोटो समेत संलग्न राखी पेश गर्नुपर्नुर्नेछ।

११. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश गरेपछि सम्बन्धीत दोस्रो पक्षको नाममा बैंक मार्फत भुक्तानी दिनेछ।

१२. दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ।

१३. दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिम .......... मितिसम्म यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेटअनुसार ) पुर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ।

१४. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा दुवै पक्षको उपस्थितिमा समझदारी गर्न सकिनेछ र प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१५. कृषि उत्पादन सामाग्री, बिउ तथा औजार उपकरण खरिद गर्दा आधिकारिक श्रोत केन्द्रबाट मात्र खरिद गर्नु पर्नेछ।

१६. दोस्रो पक्षले अनुदानमा प्राप्त औजार उपकरणमा अनुदान दिने निकाय तथा अनुदान रकम नमेटिने गरी लेख्नु पर्नेछ।

१७. दुवै पक्ष बीच सम्झौता भएको मितिदेखि लागु हुने गरी प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रम संचालन गर्नको लागि कार्य आदेश दिएको मानिनेछ।

१८. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियमानुसार हुनेछ।

**<u>प्रथम पक्ष</u>**

दस्तखतः

नामः

पदः

सम्पर्क नः

मितिः

कार्यालयको छापः

**<u>दोस्रो पक्ष</u>**

दस्तखतः

नामः

पदः

सम्पर्क नः

मितिः

संस्थाको छापः

**<u>साक्षी /रोहबर</u>**

**<u>साक्षी /रोहबर</u>**

आज्ञाले

प्रमाणिकरण मितिः २०८०/०९/०१

मोहन प्रसाद मरासिनी

प्रमुख प्रशासकीय अधिकृत

**सूचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित। मूल्य रु. ६०**